NEPALLiFE
INSURANCE CO. LTD.

मिति : २०७९/०८/१६

पत्र संख्या २०७९/८० च.नं. H-997

श्री नेपाल स्टक एक्स्चेञ्ज लि.,
सिंहदरबार, काठमाण्डौ ।

नेपाल लाइफ इन्स्योरेन्स कं. लि. प्रधान कार्यालय

विषयः बार्षिक प्रतिबेदन तथा साधारण सभाको माईन्यूट पठाईएको बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा, यस कम्पनीको २२औं बार्षिक साधारण सभा मिति २०७९/०८/०८ गते होटल भिष्वा, बीरगञ्जमा आयोजना भई उक्त साधारण सभामा प्रस्तुत भएको आ.व. २०७७/७८ को बार्षिक प्रतिबेदन तथा साधारण सभाको माइन्यूट यसै साथ संलग्न पेश गरिएको व्यहोरा अनुरोध गर्दछौं ।

(विनोदकुमार भुजेल)
कम्पनी सचिव

*संलग्नः*
*१) बार्षिक प्रतिबेदन*
*२) साधारण सभाको माईन्यूट*

क्रिनकि जीवन अमूल्य छ...

# नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको
# २२औं वार्षिक साधारण सभाको
# निर्णय (माईन्युट) विवरण

१) यस नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको मिति २०७९/०७/०४ गते बसेको सञ्चालक समितिको ३४६औं बैठकको निर्णयानुसार २२औं वार्षिक साधारण सभा अध्यक्ष श्री गोविन्द लाल संघईज्यूको अध्यक्षतामा देहाय बमोजिमको मिति, स्थान र समयमा सुसम्पन्न भयो ।

**२) सभा भएको मिति, स्थान र समय :-**

मिति : २०७९ साल मंसीर ८ गते (तदनुसार २४ नोभेम्बर २०२२) बिहीबार ।
स्थान : होटल भिष्वा, बीरगञ्ज, पर्सा ।
समय : विहान ९.०० बजे प्रारम्भ भई दिउँसो १०.३० बजे सम्पन्न ।

**३) सभाको सूचना :-**

यस कम्पनीको २२औं वार्षिक साधारण सभा सम्वन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ (२) र कम्पनीको नियमावलीको नियम ९ अनुसार मिति २०७९ कार्तिक ६ गतेको कारोबार राष्ट्रिय दैनिक र २०७९ कार्तिक १४ गतेको हिमालयन टाइम्स् नेपाली राष्ट्रिय दैनिक पत्रिकाहरुमा सभा हुने मिति, स्थान, समय र छलफलको विषयसूची सम्वन्धी जानकारी सहितको सूचना प्रकाशित गरी शेयरधनीहरुलाई जानकारी गराइएको थियो ।

**४) छलफलका विषयसूचीहरु :-**

**क) सामान्य प्रस्ताव**

१) संचालक समितिका तर्फबाट अध्यक्षज्यूबाट पेश हुने आर्थिक वर्ष २०७७/७८ को वार्षिक कार्य प्रगति प्रतिवेदन पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०७७/७८ को वासलात, नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

३) कम्पनीको लेखापरीक्षण समितिले गरेको सिफारिस बमोजिम आर्थिक बर्ष २०७८/७९ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको १५.७८९५% नगद लाभांश (कर प्रयोजनसहित) वितरण गर्न स्वीकृत गर्ने ।

५) कम्पनीमा संचालक समितिले गरेको स्वतन्त्र संचालकको नियुक्तिलाई अनुमोदन गर्ने ।

**ख) अध्यक्षज्यूको अनुमतिले अन्य कुनै प्रस्तावहरु ।**

नेपाल लाइफ इन्स्योरेन्स कं. लि. प्रधान कार्यालय



किनकि जीवन अमूल्य छ...

Kamaladi, G.P.O. Box No. 11030, Kathmandu, Nepal | Tel : 01-4169082 | Fax : 01-4169079 | www.nepallife.com.np | info@nepallife.com.np

प्रधान कार्यालय

५) उपस्थिति

क) संचालकहरुको उपस्थिति

| | |
|---|---|
| १. श्री गोविन्द लाल संघई | अध्यक्ष |
| २. श्री कमलेश कुमार अग्रवाल | सञ्चालक |
| ३. श्री विवेक अग्रवाल | सञ्चालक |
| ४. श्री बिमल प्रसाद ढकाल | सञ्चालक |
| ५. श्री कृष्णराज लामिछाने | सञ्चालक |
| ६. श्रीमती पारुल ढकाल | सञ्चालक |
| ७. श्री शक्ति कुमार गोल्याण | सञ्चालक |

ख) पदाधिकारीहरुको उपस्थिति

| | |
|---|---|
| १. श्री प्रवीण रमण पराजुली | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री अमित कुमार कयाल | नायब प्रमुख कार्यकारी अधिकृत |
| ३. श्री उमापति पोखरेल | नायब महाप्रबन्धक |
| ४. श्री ओमप्रकाश पुडासैनी | वरिष्ठ सहायक महाप्रबन्धक |
| ५. श्री प्रेम प्रसाद रेग्मी | वरिष्ठ प्रबन्धक |
| ६. श्री विनोदकुमार भुजेल | कम्पनी सचिव/ बरिष्ठ प्रबन्धक |
| ७. श्री रोशन दवाडी | सामान्य सेवा विभाग प्रमुख |
| ८. श्री जोया खान | लेखा तथा वित्त विभाग प्रमुख |
| ९. श्रीमती बन्दना शर्मा शिवाकोटी | मानव संशाधन विभाग प्रमुख |
| १०. श्री अमित कुमार झा | ब्राण्डिङ्ग एण्ड कम्युनिकेशन इकाई प्रमुख |

६) शेयरधनीहरुको उपस्थिति

| विवरण | कुल संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत (प्रोक्सी) | जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | २,०८,२४० | ७३ | १८८ | २६१ | - |
| शेयर संख्या | ८२०७९६६५.५४ | ५७,७९,३०३ | ४,३३,०४,९१७ | ४,९०,८४,२२० | ५९.८०% |

७) **गणपुरक संख्या एवं बैधानिकता**

सभाको प्रारम्भमा उद्घोषकको रुपमा कम्पनी सचिव विनोदकुमार भुजेलले २२औं साधारण सभा कम्पनीको नियमावली र प्रचलित ऐन कानून बमोजिम बोलाइएको र सभा सञ्चालन गर्न कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुसार गणपुरक संख्या पुगेको जानकारी सभालाई गराउनुभयो ।

८) **सभाको अध्यक्षता र सभा संचालन**

निर्धारित विषयसूचिमा छलफल गर्ने क्रममा कम्पनी सचिवले अध्यक्षज्यू एवं सञ्चालकज्यूहरुलाई आसन ग्रहण गर्न आग्रह गर्नुभयो । कम्पनीको २२औं वार्षिक साधारण सभाको अध्यक्षता कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र कम्पनीको नियमावलीको नियम १३.१४(ग) बमोजिम सञ्चालक श्री गोविन्द लाल संघईज्यूले गर्नुभयो । प्रचलित कानून पालना भएको हुँदा कम्पनी ऐन, २०६३ को अधिनमा रही सभाध्यक्ष श्री गोविन्द लाल संघईज्यूले पानसमा दीप प्रज्वलन गरी सभाको विधिवत् प्रारम्भ गर्नुभयो । उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक अभिवादन तथा स्वागत गर्दै सभाध्यक्षज्यूबाट सभाको कार्यक्रम अघि बढाउनु भयो ।

९) **२२औं बार्षिक प्रतिवेदन प्रस्तुती**

सभाको काम कारबाहीलाई अगाडि बढाउने कममा सभाध्यक्ष एवं सञ्चालक समितिका अध्यक्ष श्री गोविन्दलाल संघईज्यूले आ.व. २०७७/७८ को सञ्चालक समितिको बार्षिक प्रतिवेदन, लेखापरिक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब किताब तथा नगद प्रवाह विवरण साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो ।

१०) **छलफलका लागि आह्वान** :-

अध्यक्षज्यूद्वारा वार्षिक प्रतिवेदन र वासलातको प्रस्तुतिपछि सो सम्बन्धमा आ-आफ्नो प्रश्न, जिज्ञासा, सुझाव एवं मन्तव्य व्यक्त गरिदिन कम्पनी सचिवद्वारा शेयरधनी महानुभावहरुलाई आह्वान गरियो । यसै क्रममा देहायका शेयरधनीहरुले छलफलमा भाग लिनुभयो ।

क) श्री जनकराज मिश्र

ख) श्री नरेश पटेल

११) **प्रस्तुत गरिएका जिज्ञासा एवं सुझावहरु** :

क) **श्री जनकराज मिश्र**ज्यूले शेयरधनीहरुलाई १५.७८% नगद लाभांश वितरण गरेकोमा कम्पनीलाई धन्यवाद दिनुभयो । उहाँले अर्को आ.ब. मा अझ उत्कृष्ट प्रतिफल पाउने अपेक्षा रहेको वताउनुभयो । श्री मिश्रले

नेपाल लाइफको गत २१औं वार्षिक साधारण सभाको निर्णयबाट कम्पनीमा संस्थापक र सर्वसाधारण शेयरको अनुपात ५१:४९ कायम भैसकेकोले संचालक समिति गठनमा पनि सोही अनुपातमा संस्थापक र सर्वसाधारण समूहबाट संचालकहरुको प्रतिनिधित्व अनुपात कायम गर्न आवश्यक रहेकोले सोको लागि कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने विशेष प्रस्ताव यही सभामा राखी दिन हुन सभाध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

ख) **श्री नरेश पटेल**ज्यूले आ.व. २०७७/७८ को वित्तीय विवरणका समग्र सूचकांकहरु सकरात्मक देखिएकोमा कम्पनी परिवारलाई धन्यवाद ज्ञापन गर्नु भयो । उहाँले कम्पनीले बीमा दावी भुक्तानी कार्यमा राम्रो कार्य सम्पादन गरिरहेकोमा खुसी व्यक्त गर्दै बीमा अन्डरराइटिङ्गमा विशेष ध्यान दिन र झुटो बीमा दाबीप्रति सचेत रही त्यस्ता कार्यलाई निरुत्साहित गर्न सुझाव प्रदान गर्नुभयो । श्री पटेलले कम्पनीको न्यू बिजनेश बृद्धिका लागि अभिकर्ता पलायन हुने कार्यलाई रोक्न, व्यवसायको बजार हिस्सा बढाउन र कर्मचारी तथा अभिकर्ताहरुको व्यक्तित्व एवं क्षमता अभिबृद्धिका लागि नियमित प्रशिक्षण कार्यहरु संचालन गर्न अनुरोध गर्नु भयो । उहाँले कम्पनी ब्यवस्थापनले कुशलतापूर्वक कार्य गर्न सुझाव दिदैं कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो ।

१२) **शेयरधनीहरुको जिज्ञासाको जवाफः**

**शेयर संरचना बमोजिम संचालक समिति गठनमा संचालक अनुपात मिलाउने विषय बारे**

सभामा, शेयरधनी श्री जनकराज मिश्रले गत २१ औं वार्षिक साधारणसभाबाट कम्पनीको संस्थापक र सर्वसाधारण शेयरको अनुपात ५१:४९ कायम भैसकेकोले संचालक समिति गठनमा पनि सोही बमोजिमको अनुपात कायम गर्नका लागि अनुरोध भएकोमा छलफल हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा ३(क) बमोजिम पहिले नै सूचित नगरिएको विषयमा साधारण सभामा विशेष प्रस्ताव राख्नका लागि साधारण सभामा मतदान गर्न पाउने कम्पनीका जम्मा शेयरको सतसट्ठी प्रतिशत शेयरलाई प्रतिनिधित्व गर्ने शेयरधनीहरु स्वयम् वा प्रतिनिधिमार्फत उपस्थित भई कुनै विषयमा निर्णय लिने पक्षमा मतदान गरेमा भन्ने गणपुरक संख्या उल्लेख भएको र यस सभामा जम्मा उपस्थिति ५९.८० % मात्र भई आवश्यक गणपुरक संख्या नपुगेकोले यस वार्षिक साधारणसभामा उक्त प्रस्ताव विशेष प्रस्तावको रुपमा पेश हुन सकेन । सो अवस्थालाई मनन गरी आगामी वार्षिक साधारणसभामा सो विषयलाई प्रस्तावको रुपमा अगाडि बढाइने कुराको जानकारी गराइयो ।

## सभाध्यक्षज्यूको अनुमतिमा प्रमुख कार्यकारी अधिकृत श्री प्रवीण रमण पराजुलीज्युबाट प्रस्तुत जवाफ

अध्यक्ष श्री गोविन्द लाल संघईज्यूले सभामा आफनो अमुल्य सुझाव तथा जिज्ञासा राख्नुभएका शेयरधनीलाई हार्दिक धन्यबाद व्यक्त गर्नुहुदै शेयरधनीहरुको प्रश्न तथा जिज्ञासाहरुको जवाफ दिनका लागि प्रमुख कार्यकारी अधिकृत श्री प्रवीण रमण पराजुलीज्युलाई आग्रह गर्नु भयो ।

### श्री प्रवीण रमण पराजुली

शेयरधनीहरुज्यूको प्रश्न र जिज्ञासाहरुप्रति प्रतिउत्तर दिने क्रममा प्रमुख कार्यकारी अधिकृत श्री प्रवीण रमण पराजुलीज्यूले सवैभन्दा पहिला शेयरधनीहरुले व्यक्त गर्नुभएका महत्वपूर्ण सुझाव, सकरात्मक प्रतिक्रिया र कम्पनीले प्रगतिका लागि अवलम्बन गर्नुपर्ने उपायहरुका लागि आभार व्यक्त गर्नुभयो । उहाँले कम्पनीले सधैं शेयरधनीहरु र ग्राहकहरुको सकरात्मक सुझावहरुलाई आत्मासात गरी कार्य गरिरहेको वताउनु भयो । श्री पराजुलीज्यूले शेयरधनी श्री जनकराज मिश्रले कम्पनीको हितका लागि प्रदान गर्नु भएको सुझावहरुलाई सकरात्मकरुपमा लिएको वताउनु भयो । अर्का  शेयरधनी श्री नरेश पटेलले कर्मचारी र अभिकर्ताको दक्षता अभिबृद्धि एवं प्रशिक्षणका सम्बन्धमा के भइरहेको छ भन्ने जिज्ञासाका सम्बन्धमा श्री पराजुलीज्यूले कम्पनीले क्षेत्रीय र राष्ट्रियस्तरमा प्रशिक्षण कार्यहरु भैरहेको र कमलपोखरीस्थित नेपाल लाइफ भवनमा स्थापित नेपाल लाइफ पाठशालामा पनि नियमित प्रशिक्षणका कार्यक्रमहरु भैरहेको जानकारी गराउनु भयो । साथै, उहाँले कम्पनीको कार्यालय प्रयोजनका लागि पोखरामा भवनसहितको जग्गा खरीद गरेको र काठमाण्डौ लगायत अन्य शहरहरुमा पनि कम्पनीको लागि घरजग्गा खरीद गर्ने योजना रहेको जानकारी गराउनु भयो । उहाँले २०७९ असोजमसान्तसम्ममा कम्पनीको जीवन बीमा कोषमा रु. १ खर्ब ४२ अर्बभन्दा बढी रकम संचित भैसकेको र कूल लगानी रु. १ खर्ब ४९ अर्बभन्दा बढी भैसकेको जानकारी गराउदै नेपालको जीवन बीमा बजारमा कम्पनीको बजार हिस्सा बृद्धि गर्नका लागि प्रभावकारी आन्तरिक नीति तथा कार्यक्रमहरु र प्रतिस्पर्धात्मक बीमा योजनाहरु ल्याउने कार्यहरु भई रहेको बताउनु भयो । उहाँले कम्पनीबाट मृत्युदाबी भुक्तानी सम्पादन राम्रो गरिएको वताउदै ऐनले तोकेको कागजातहरु पेश नहुँदा केही दाबी भुक्तानी प्रदान गर्नमा ढिलाइ हुन गएको हुन सक्ने जानकारी गराउनु भयो । कम्पनीले ग्राहकहरुलाई सरल र सहज तरीकाबाट बीमा सेवा प्रदान गरिरहेको जनाउदै श्री पराजुलीज्यूले आगामी वर्षहरुमा पनि आफ्ना ग्राहक र शेयरधनीहरुलाई उच्च प्रतिफल दिन सधैं लागिरहने प्रतिबद्धता व्यक्त गर्नु भयो ।

### १३) साधारण सभामा प्रस्तुत छलफलका विषयसूचीहरु तथा पारित निर्णयहरु

### क) सामान्य प्रस्ताव

प्रधान कार्यालय

१) सभामा संचालक समितिका तर्फबाट अध्यक्षज्यूबाट पेश भएको आर्थिक वर्ष २०७७/७८ को वार्षिक कार्य प्रगति प्रतिवेदन छलफल पश्चात् निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतिबाट पारित भयो ।

२) सभामा लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०७७/७८ को वासलात, नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण उपर छलफल पश्चात् निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतिबाट पारित भयो ।

३) कम्पनीको लेखापरीक्षण समितिले गरेको सिफारिस बमोजिम आर्थिक बर्ष २०७८/७९ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा श्री एस. ए. आर. एशोसिएट्सलाई वार्षिक सेवाशुल्क भ्याटसहित रु. ११,३०,०००/- (एघार लाख तीस हजार) प्रदान गर्ने गरी आ.व. २०७८/७९ का लागि लेखापरीक्षकको रुपमा पुनर्नियुक्ति गर्ने प्रस्ताव सभामा सर्वसम्मतिबाट पारित गरियो ।

४) कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको १५.७८९५% नगद लाभांश (कर प्रयोजनसहित) वितरण गर्न स्वीकृत गर्ने प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतिबाट पारित भयो ।

५) कम्पनीमा संचालक समितिले श्रीमती पारुल ढकाललाई २१औं वार्षिक साधारण सभापछि स्वतन्त्र संचालकको रुपमा गरेको नियुक्तिलाई अनुमोदन गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिबाट पारित गरियो ।

**ख) अध्यक्षज्यूको अनुमतिले अन्य कुनै प्रस्तावहरु**

अध्यक्षको अनुमतिले छलफलका लागि अन्य कुनै प्रस्तावहरु नभएको र सबै निर्धारित कार्यसूची बमोजिम छलफल भएको जानकारी सभामा गराईयो ।

**१४. धन्यवाद तथा सभा विसर्जन**

नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको २२औं वार्षिक साधारणसभालाई आफ्नो अमुल्य समय प्रदान गरी सौहार्दपूर्ण वातावरणमा सभा सम्पन्न गर्नमा सहयोग गरिदिएकोमा उपस्थित सम्पूर्ण शेयरधनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै दिउँसो १०.३० बजे सभाका अध्यक्ष श्री गोविन्द लाल संघईज्यूले सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

(विनोदकुमार भुजेल)
कम्पनी सचिव

(गोविन्द लाल संघई)
अध्यक्ष